# डुङ्गेश्वर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**डाँडापराजुल दैलेख**

**कर्णाली प्रदेश, नेपाल**

-

डुङ्गेश्वर गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका,२०८०

दस्तखत :...............................
प्रमाणित गर्नेको नाम :सुन्दर कुमार के.सी.
पद : गाउँपालिका अध्यक्ष
प्रमाणीकरण मिति :२०८०/०४/११

**प्रस्तावना** : डुङ्गेश्वर  गाउँपालिकाभित्र, खासगरी स्वास्थ्य सेवाका पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्व सुलभ पहुँच पुर्‍याउनका लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न वान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम १०२ (२) का अधिकार प्रयोग गरी डुङ्गेश्वर  गाउँ कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

क) यो निर्देशिकाको नाम **"एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका २०८०"** रहने छ ।

ख) यो निर्देशिका गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रशंगले अर्को अर्थ लागेमा यस निर्देशिकामा :

क) **"एम्बुलेन्स"** भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन संझनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

ख) **"एम्बुलेन्स जनशक्ति"** भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

ग) **"चालक"** भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

घ) **"गाउँपालिका"** भन्नाले डुङ्गेश्वर  गाउँपालिकालाई सम्झनु पर्छ ।

ङ) **"सेवा शुल्क"** भन्नाले एम्बुलेन्स प्रयोग गरेवापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

च) **"सेवा"** भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

**३.उद्देश्य :**  यस कार्यविधिका प्रमुख उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

क)यस निर्देशिकाको प्रमुख उद्देश्य यस गाउँपालिका भित्र र नजिकका स्थानिय तहको समेत स्वास्थ्य समस्या भएका नागरिकहरुलाई उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य संस्था सम्म पुर्‍याउने तथा यसको विश्वशनियता साथै प्रभावकारिता बृद्धि गरी दिगो र भरपर्दो स्वस्थ्य सेवा संचालन गर्नु रहेको छ ।

ख) गर्भवती तथा सुत्केरी महिलाहरुका लागि आकस्मिक रुपमा निशुल्क एम्वुलेन्स सेवाको पहुँच वृद्धि गरी मातृशिशु मृत्युलाई न्यूनीकरण गर्नु ।

ग) गाउँपालिकाको आफ्नो एम्वुलेन्सको संचालन ब्यवस्थित तरिकाले गरी संघीय कानून बमोजिम संचालन गर्नु ।

**४. समिति सम्बन्धी व्यवस्था :** **(क)** एम्वुलेन्सको संचालन, ब्यवस्थापन, अनुगमन, सुपरीवेक्षण तथा उद्देश्य अनुसारका काममा प्रयोग गर्न देहाय वमोजिमको एम्बुलेन्स संचालन तथा ब्यवस्थापन समिति रहनेछ ।

१. गाउँपालिका अध्यक्ष : संयोजक

२. गाउँपालिका उपाध्यक्ष : सह-संयोजक

३. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी : सदस्य

४. वडा अध्यक्षहरु मध्येबाट एक जना :

५. कार्यपालिकाका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधत्व हुनेगरी कार्यपालिकाले चयन गरेको १ जना सदस्य :

६. एम्बुलेन्स रहेको सम्बन्धित स्वास्थ्य चौकि प्रमुख वा स्वास्थ्य शाखा प्रमुख : सदस्य

७. जिन्सी शाखा : सदस्य सचिव

ख). नियम (क) बमोजिम गठीत समितिको संयोजकले आवश्यकतानुसार विषयसँग सम्वन्धित पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा अन्य ब्यक्तिलाई आमन्त्रण गरी परामर्ष लिन सक्नेछ ।

ग). एम्वुलेन्स कुनै संघसंस्थालाई हस्तान्तरण भएमा सो संस्थासंग गाउँपालिकाले आवश्यक संझौता गरी हस्तान्तरण गर्नेछ ।

घ). नियम (क) बमोजिमको संचालन तथा व्यवस्थापन समितिका कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेका मानिनेछ ।

**५. समितिका बैठक :**

क). समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नेछ । समितिका बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

ख). समितिका बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. एम्वुलेन्सको भाडा दर निर्धारण** :

क) एम्वुलेन्स संचालन समिति, दैलेखबाट निर्धारण भएको दररेटको आधारमा समयानुल र भौगोलिक विकटताका आधारमा कार्यपालिकाको सिफारिसमा गाँउसभाबाट स्वीकृत दररेटमा उल्लेख भएको लागु हुनेछ ।

ख) एम्वुलेन्स संचालनको अभिलेख अनुसूचि - २ बमोजिम जिन्सी शाखाले राख्ने छ ।

**७. समितिका काम कर्तव्य र अधिकार :** समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस निर्देशिका अनुसारका आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिई आचारसंहिता पालना गर्न लगाउने । बारम्बार आचरण उलंघन गरेमा आवश्यकता अनुसार करार संझौता रद्ध गर्ने ।

ग) एम्बुलेन्स सेवाका वारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा व्यवस्थापन गर्ने ।

घ) जिल्लास्तरमा एम्बुलेन्स सम्बन्धी दररेट निर्धारण गर्ने निकायको सिफारीस बमोजिम आवश्यकता अनुसार परिमार्जन गर्ने ।

ङ) सरोकारवाला तथा अन्य संघहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा वारे समिक्षा बैठक गर्ने ।

च) गाउँपालिकाका विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा संचालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

छ) चालकले एम्बुलेन्स सेवा उपलब्ध गराए वाफतको शुल्क लिई राजश्व दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

ज). समितिका सदस्य सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण प्रत्येक वर्षका जेष्ठ मसान्तमा गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**<u>८. सेवा शुल्क सम्बन्धी व्यवस्था :</u>**

क) एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले अनुसुची -१ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कका रुपमा बुझाउनु पर्नेछ ।

ख) एम्बुलेन्स सेवा वापत उठेको रकम बैंक खाता/कोष खडा गरी त्यसमा जम्मा गर्नु पर्नेछ ।

ग) सेवा दिए वापत लिइने सेवा शुल्क राजश्व खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

घ) सो कोषको संचालन, नियमन तथा व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ । कोषको रकम सामान्यतया चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्री लगायतको खरिदमा खर्च गरिनेछ ।

ङ) एम्बुलेन्स ममर्त सम्बन्धी रेकर्ड अनुसूचि -२ बमोजिम जिन्सी शाखाले राख्नेछ ।

च) गाउँ सभाले आवश्यकता अनुसार छुट हुने भनी निर्णय गरेमा सोही बमोजिम हुनेछ ।

**<u>९. चालकको नियुक्ति र सेवा सुविधा :</u>** क) एम्बुलेन्स सेवा संचालनका लागि गाउँकार्यपालिकाले एक जना योग्य चालक सेवा करारमा नियुत्ती गर्नेछ ।

ख) चालकको पारिश्रमिक संझौतामा उल्लेख भए बमोजिम हुनेछ ।

ग) चालकको रु.५,००,०००। (पाँच लाख) सम्मको दुर्घटना बीमा गरिनेछ । बीमाका प्रिमियम वापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट बेहोरिनेछ ।

घ) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची -२ बमोजिम हुनेछ ।

ङ) एम्बुलेन्स सेवा सुचारु हुँदा चालकलाई भत्ता वापत दैलेख, सुर्खेत र नेपालगन्ज क्षेत्रभित्र प्रतिटिप दैलेखका लागि रु .५००।, सुर्खेत रु.१०००। नेपालगन्जको लागि रु.१५००। र अन्य

क्षेत्रको हकमा सो रकममा नघट्ने गरी समितिको निर्णय बमोजिम कोषबाट उपलब्ध हुनेछ ।

च) चालकलाई संचालक समितिको निर्णयले थप अन्य सुविधा उपलब्ध गराउन सक्नेछ ।

**१०. एम्बुलेन्स सन्चालन कोष :**

क) एम्बुलेन्सको नियमित मर्मत सम्भार तथा कर्मचारीको तलब भत्ताको व्यबस्था गरि एम्बुलेन्सको नियमित सन्चालनलाई सुनिश्चित गर्न छुट्टै एक एम्बुलेन्स सन्चालन कोष खडा गरिनेछ ।

ख) नियम (क) बमोजिम खडा गरिने एम्बुलेन्स सन्चालन कोषमा देहाय बमोजिमको रकम समेत जम्मा गरिनेछ ।

अ.सेवा उपभोग गर्ने व्यक्ति वा संघ संस्थाबाट प्राप्त सेवा शुल्क बापतको रकम,

आ.भाडामा प्रयोग गर्न दिएको अवस्थामा भाडा बापत प्राप्त रकम,

इ.नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट एम्बुलेन्स सन्चालनका लागि प्राप्त रकम,

ई.अन्य दातृ निकायबाट प्राप्त कुनै अनुदान तथा सहयोग रकम आदि ।

**११. कोषको सन्चालन र उपयोग :**

क) एम्बुलेन्स सन्चालन कोष प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

ख) एम्बुलेन्स सन्चालन कोषमा जम्मा भएको रकम एम्बुलेन्सको मर्मत सम्भार चालकको तलव भत्ता तथा सन्चालक समितिको बैठक भत्ताका लागि खर्च गर्न सकिनेछ ।

**१२. लेखा र लेखा परीक्षण :**

क).एम्बुलेन्स सन्चालन कोषको आम्दानी र खर्चको लेखा आर्थिक प्रशासन ऐन तथा नियामावली अनुरुप राखिनेछ ।

ख). एम्बुलेन्स सञ्चालन कोषको आम्दानी र खर्च हिसाब महालेखा परिक्षकको कार्यालयबाट खटिने लेखापरीक्षणबाट सालवसाली रुपमा लेखापरीक्षण गराईनेछ ।

**१३. विबादको समाधान :**

क).एम्बुलेन्स सञ्चालन गरि सेवा प्रदान गर्ने सन्दर्भमा कुनै विबाद उत्पन्न भएमा एम्बुलेन्स सञ्चालक समितिले सम्बन्धित पक्षहरुसंग छलफल गरि समाधान गर्नेछ ।

ख).एम्बुलेन्स सञ्चालक समितिले समाधान गर्न नसकेको विबादहरु गाउँ कार्यपालिकाको निर्णयबाट समाधान गरिनेछ ।

**१४. भाडामा दिन सकिने :**

क).गाउँपालिकाले कुनै व्यक्ति वा संस्थालाई एम्बुलेन्स सन्चालन गर्न दिन उपयुक्त देखिएमा एम्बुलेन्स सन्चालक समितिले सिफारिस गरेको अवस्थामा गाउँकार्यपालिकाको बैठकको निर्णय गरेमा अनुसूचि - ३ को सम्झौता बमोजिम एम्बुलेन्स भाडामा प्रयोग गर्न दिन सकिनेछ ।

ख).गाउँ कार्यपालिकाको बैठकले आवश्यक देखेमा सन्चालक समितिको सिफारिस नभएपनि एम्बुलेन्स भाडामा दिन सक्नेछ ।

ग) नियम (क) बमोजिम एम्बुलेन्स भाडामा दिदाँ प्रति दिन वा महिनाको भाडा दर तथा अन्य सर्तहरु गाउँपालिकाको निर्धारण गरिदिए बमोजिम हुनेछ ।

**१५. एम्बुलेन्स रहने स्थान र सोको मर्मत संभार :**

क) एम्बुलेन्सको संचालन डुङ्गेश्वर गाउँपालिकाबाट हुनेछ ।

ख) एम्बुलेन्सको नियमित मर्मत संभार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा कार्यालय प्रमुखबाटे मर्मत आदेश स्वीकृत गरी गराउनु पर्नेछ ।

ग) एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ ।

**१६. विविध :**

क) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधिका विवरण अनुसुची - ५ बमोजिम हुनेछ ।

ख) एम्बुलेन्समा सवार बिरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीका विमाका दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

ग) यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन गाउँकार्यपालिकाले गर्नेछ ।

## अनुसूची- १

## एम्बुलेन्स सेवा संचालन गरे बापत बुझाउनु पर्ने राजश्व गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(निर्देशिकाको नियम ६ को (ख) संग सम्बन्धित)

## एम्वुलेन्स संचालन अभिलेख

## डुङ्गेश्वर गाउँपालिका, दैलेख

| मिति | संचालन हुने स्थान | | सन्चालन भएको समय | | सेवा ग्राहीको नाम | सेवा ग्राहीको ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | देखि | सम्म | ......बजे देखि | ..... बजे सम्म | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| देखि | सम्म | सिफारिस गरिएको भाडा रकम | |
|---|---|---|---|
| डाँडापराजुल | चुप्रा | | |
| डाँडापराजुल | बलेना।काफलसैनी | | |
| डाँडापराजुल | देउली | | |
| डाँडापराजुल | उम | | |
| डाँडापराजुल | लाँकुरी | | |

| | | | |
|---|---|---|---|
| डाँडापराजुल | विजयकोट। पैयाचौर | | |
| डाँडापराजुल | दाउरेखर्क। रुवाटी | | |
| डाँडापराजुल | कल्सेढुङ्गा। बाले। | | |
| डाँडापराजुल | रेक्चा। छाना | | |
| डाँडापराजुल | थाँलीकाडा | | |
| डाँडापराजुल | रातामाटा | | |
| डाँडापराजुल | हनेटा | | |
| डाँडापराजुल | चौखुडा। डुम्रा | | |
| डाँडापराजुल | अवलपराजुल | | |
| डाँडापराजुल | दान्सैनी। चाहरेखोला | | |
| डाँडापराजुल | पाङ्कोट | | |
| डाँडापराजुल | औल | | |
| डाँडापराजुल | जडि। आरुखर्क। भित्रिखोला | | |
| डाँडापराजुल | कोइरेलखोला | | |
| डाँडापराजुल | लटाली | | |
| डाँडापराजुल | आग्र। ज्यामिरे | | |
| डाँडापराजुल | खानिचौर | | |
| डाँडापराजुल | डुङ्गेश्वर। मटेला। | | |
| डाँडापराजुल | सानो वइरी। ठुलो वइरी | | |
| डाँडापराजुल | दैलेख | | |
| डाँडापराजुल | सुर्खेत | | |
| डाँडापराजुल | | | |

कच्ची सडक प्रति किलोमिटर रु ७५

पक्की सडक प्रति किलोमिटर रु ६०